"जलश्रोत, पर्यटन र जडिबुटीले समुन्नत विगु गाउँपालिका"

स्थानीय सरकार

# विगु गाउँपालिका

བྷི་གུ་ གྲཱའུ་པཱ་ལི་ཀཱ | [illegible]

## गाउँ कार्यपालिकाको कार्यालय

फोन नं: ०४९-४१०१०९
www.bigumun.gov.np
info@bigumun.gov.np,
bigumun@gmail.com

लादुक, दोलखा
वागमती प्रदेश, नेपाल

गाउँपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

पत्र संख्याः-२०८२/०८३
च. नं.:-

मिति:- २०८३/०१/०९

**अगुवा किसान कृषि सहायता कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०८३/०१/०९

यस विगु गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत पालिकास्तरीय अगुवा कृषक कृषि सहायता कार्यक्रम सञ्चालन गर्न यस गाउँपालिका भित्रका व्यावसायिक रुपमा खाद्यन्न उत्पादन, फलफूल खेती, तरकारी खेती, आलु खेती, मौरीपालन, भेडापालन, चौरीपालन, गाईपालन, भैंसीपालन, बाख्रापालन, कुखुरापालन, माछापालन गरिरहेका इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थामा आवद्ध कृषकहरुले तपसिलका आवश्यक कागजातसहित सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र (मिति२०८३/०१/२३ गते)** कार्यालय समयभित्र यस कार्यालयको कृषि शाखा तथा वडा कार्यालयहरुमा रितपूर्वक निवेदन दर्ता गर्नहुन यो सूचाना प्रकाशित गरिन्छ ।थप जानकारीको लागि ९८६१०५९५२५,९८६६९८०३८६ वा कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| *क. सं.* | *कार्यक्रमको नाम* | *आवश्यक मापदण्ड* | *पेस गर्नुपर्ने आवश्यक कागजातहरु* | *संचालन हुने क्रियाकलाप* | *कैफियत* |
|---|---|---|---|---|---|
| १. | अगुवा किसान कृषि सहायता कार्यक्रम | खाद्यन्नबाली (धान, गहुँ, मकै) को हकमा १० रो.क्षे., फलफुल बाली (सुन्तला, कागती, जुनार, एभोकाडो, किवि, ड्रागन फ्रुट, ओखर, नस्पाति, स्याउ) को हकमा २ रो.क्षे., तरकारी बालीको हकमा १.५ रो.क्षे., आलु बालीको हकमा ५रो.क्षे., मौरीपालन हकमा १५ वटा घार, च्याउ उत्पादनको हकमा १०० वटा पोका, चौरीगाईपालन हकमा १५-२० वटा, गाईपालनको हकमा १० वटा, भैंसीपालन हकमा ५-८ वटा, भेडापालनको हकमा ५०-३०० वटा, बाख्रापालनको हकमा ४०-६० वटा, पन्छीपालनको हकमा ३० वटा, मत्स्यपालनको हकमा २ वटा पोखरीमा माछापालन लगाएत निरन्तर २ वर्ष देखि कृषि पेशामा संलग्न रहेको हुनुपर्नेछ।विदेशबाट फर्केका कृषि व्यावसाय गरिरहेकालाई विशेष प्राथमिकता दिइनेछ । | १.निवेदन १ प्रति ।<br>२.नागरिकताको फोटोकपी ।<br>३.सम्बन्धित व्यक्तिको बैंक खाता रहेको चेकको टोकपी ।<br>४.कृषक समूह, कृषि सहकारी संस्था तथा कृषि फर्म दर्ता प्रमाण पत्र र नवीकरण प्रमाण पत्रको प्रतिलिपी साथै गत आ.व.को करचुक्ता प्रमाण पत्र प्रतिलिपी । | छनोट समिति बाट सिफारिस भएका कृषकहरुलाई प्रोत्साहन स्वरुप नगद प्रदान गर्ने । | |

बोधार्थ :
श्री सूचना प्रविधि शाखा सबै वडाहरुमा जानकारी गराउनु हुन ।
श्री सबै वडा कार्यालयहरु सूचना बमोजिम कार्य गर्नुहुन ।

.............................
गणेश बहादुर श्रेष्ठ
नि.प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर
नि. प्रमुख प्रशासकीय अधिकृत

निवेदनको नमूना ढाँचा

मिति २०८३/........./..........

श्री शाखा प्रमुख ज्यू,
विगु गाउँपालिका कृषि तथा पशुन्छी विकास शाखा
लादुक, दोलखा ।

विषयः- अगुवा किसान कृषि सहायता कार्यक्रममा सहभागी गराई पाउँ ।

प्रस्तुत विषयमा यस दोलखा जिल्ला विगु गाउँपालिका वडा नं.........मा स्थायी बसोबास गर्ने म कृषक...................................ले विगत देखि नै कृषि तथा पशुपालन व्यवसाय गर्दै आएको हुदाँ मलाई अगुवा किसान कृषि सहायता कार्यक्रममा सहगिताको लागि तपसिल विवरण अनुसार यो निवेदन पेस गर्दछु ।

तपसिल

| क्रसं. | बालीवस्तु तथा पशुपन्छी को नाम | बाली क्षेत्रफल रो./पशुपालन संख्या (वटा) | उत्पादन परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

निवेदक

नाम थरः
ठेगानाः
सम्पर्क नं.: